Journal of Bhuwanishankar (JoBS)
A Peer Reviewed Research Journal
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# आधुनिक नेपाली उपन्यासमा स्वैरकल्पना

दुर्गाबहादुर घर्ती* पि.एच.डी.
durgagharti@gmail.com

Received: July 2, 2023 Accepted: August 15, 2023

**सार**

*प्रस्तुत अध्ययन आधुनिक नेपाली उपन्यासमा प्रयुक्त स्वैरकल्पनामा केन्द्रित छ । उपन्यास आख्यान विधाअन्तर्गत पर्दछ । आख्यान र स्वैरकल्पनाका बिच निकटतम सम्बन्ध रहेको पाइन्छ । मौखिक रूपमा प्रचलित हुँदै आएका मिथक, अनुश्रुति, लोककथा आदि स्वैरकल्पनात्मक प्रकारका छन् । आधुनिक कालपूर्वका नेपाली आख्यानमा स्वैरकल्पनाको प्रचुरता पाइन्छ । आधुनिक नेपाली उपन्यासको आरम्भ यथार्थवादसँगै भएकाले तिनमा स्वैरकल्पनाको प्रयोग पाइँदैन । प्रयोगवादी उपन्यासको आरम्भ भएपछि स्वैरकल्पनाको प्रयोग पनि हुन थाल्दछ । उत्तरआधुनिक उपन्यासमा पनि स्वैरकल्पनाको प्रयोग हुने भएकाले हालसम्म पनि नेपाली उपन्यासमा स्वैरकल्पनाको प्रयोग पाइन्छ । स्वैरकल्पना मूलतः मनोविश्लेषणात्मक सिद्धान्तसँग सम्बन्धित छ । मनोविश्लेषणले मानवस्वभावको गहन अध्ययन गर्दछ । सिग्मन्ड फ्रायडले अचेतनका आधारमा विभिन्न मनोवैज्ञानिक सिद्धान्तको व्याख्या गरेका छन् र त्यसै क्रममा स्वैरकल्पनाको पनि व्याख्या गरेका छन् । ज्याक लकाँले फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तको पुनर्पठन गरेका छन् । उनले पनि स्वैरकल्पनाको चर्चा गरेका छन् । तिनै सिद्धान्तका आधारमा प्रस्तुत अध्ययन गरिएको छ । सामग्रीको विश्लेषण गुणात्मक पद्धतिमा गरिएको छ र त्यसका लागि पाठात्मक विश्लेषण विधिको उपयोग गरिएको छ । आधुनिक नेपाली उपन्यासमा स्वैरकल्पनाको प्रयोग स्वप्निलता, वैज्ञानिक आविष्कारको परिकल्पना, पर्यावरणीय परिवर्तनको दुश्चिन्ताका रूपमा गरिएको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी**ः स्वप्निलता, परिकल्पना, पर्यावरणीय परिवर्तन दुश्चिन्ता, स्वैरकाल्पनिक परिदर्शन, मनोविदलतापरक स्वैरकल्पना

## विषयप्रवेश

आख्यान स्वैरकल्पनाको प्रयोगको उपयुक्त भूमि हो । स्वैरकल्पना मनोविश्लेषणको विषय हो । साहित्यमा मनोविश्लेषण अन्य विधामा भन्दा आख्यानमा ज्यादा फस्टाएको देखिन्छ । संरचनागत आयामविस्तारका दृष्टिले आख्यान कथा र उपन्यास गरी दुई उपविधामा छुट्टिन्छन् । कथामा भन्दा उपन्यासमा घटनावर्णनको आयामविस्तार बढी हुने भएकाले उपन्यासमा मनोविश्लेषणात्मक सन्दर्भ अझ सूक्ष्म र व्यापक हुन सक्दछ । आख्यानमा मानवीय स्वभावअनुरूपका घटना र पात्रहरूको वर्णन गरिएको हुन्छ र त्यस क्रममा स्वैरकल्पना मिसिएर पनि आउन सक्छ । मनोविश्लेषणले मानवस्वभावको गहन अध्ययन गर्दछ । सिग्मन्ड फ्रायडले प्राचीन ग्रिसेली मिथकहरूका आधारमा आफ्ना अवधारणा प्रस्तुत गरेका छन् । पाश्चात्य आख्यानकलाको अनुसरणमा नेपाली उपन्यास लेखिन थालेपछि नेपाली उपन्यासपरम्परामा नौला नौला शिल्प र प्रवृत्तिहरू देखापर्दछन् । त्यसै क्रममा स्वैरकल्पनाको प्रयोगको प्रवृत्ति पनि देखापरेको हो । त्यसो त प्राचीन कालदेखि नै लोकसाहित्यमा स्वैरकल्पनाको प्रयोग पाइन्छ । पहिलो

* *दुर्गाबहादुर घर्ती, त्रिवि नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा सह-प्राध्यापक हुनुहुन्छ ।*

मौलिक नेपाली उपन्यास मानिने गिरीशवल्लभ जोशीको *वीरचरित्र* (१९६०) मा मानवको मानवेतर प्राणीमा र पछि पुनः मानव स्वरूपमा रूपान्तरण; मानवको अलौकिक शक्ति र भूतप्रेत, मसान जस्ता अतिमानवीय तत्त्वसँग विजय जस्ता स्वैरकल्पना पाइन्छ । नेपाली उपन्यासमा अयथार्थका माध्यमद्वारा यथार्थको प्रस्तुतिका लागि सचेततापूर्वक स्वैरकल्पनाको प्रयोग आधुनिक कालको पछिल्लो चरणदेखि देखापरेको हो । नेपाली उपन्यासको उत्तरार्ध चरणमा विभिन्न रूपमा स्वैरकल्पनाको प्रयोग भएको पाइन्छ । यस सन्दर्भमा केही टिप्पणी गरिएको पाइने भए पनि गहन र सूक्ष्म अध्ययन भएको पाइँदैन । त्यसकारण यस अध्ययनमा आधुनिक नेपाली उपन्यासमा प्रयुक्त स्वैरकल्पनाको अध्ययन गर्नु मुख्य उद्देश्य बनाइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि सामग्री सङ्कलन पुस्तकालयकार्यबाट गरिएको छ । स्वैरकल्पनाको प्रयोग भएका उपन्यास यस अध्ययनका प्राथमिक सामग्री हुन् । ती उपन्याससँग सम्बद्ध सिद्धान्तसँग सम्बन्धित सामग्रीहरू द्वितीयक सामग्री हुन् । सामग्रीको सङ्कलन टिपोट विधिद्वारा गरिएको छ ।

प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । यसमा विश्लेषण र व्याख्याविमर्शद्वारा निष्कर्षमा पुग्ने काम भएको छ । सङ्कलित सामग्रीको विश्लेषण पाठात्मक विश्लेषण विधिमा गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक ढाँचा स्वैरकल्पनाको मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित छ । त्यसमा मूलतः सिग्मण्ड फ्रायड र ज्याक लकाँका मान्यतालाई आधार बनाइएको छ । तिनै सिद्धान्त र आधुनिक नेपाली उपन्यासको अध्ययनका आधारमा स्वैरकल्पनाको अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । स्वप्निलता, वैज्ञानिक आविष्कारको परिकल्पना र पर्यावरणीय परिवर्तनको दुश्चिन्ता त्यसका सूचक रहेका छन् । तिनै आधारमा आधुनिक नेपाली उपन्यासमा प्रयुक्त स्वैरकल्पनाको विश्लेषण गरिएको छ ।

## स्वैरकल्पनाको सैद्धान्तिक आधार

स्वैरकल्पनालाई अङ्ग्रेजीमा 'फ्यान्टासी' भनिन्छ । त्यसको सामान्य अर्थ कल्पना भन्ने हुन्छ । यो त्यस्तो सुखद अवस्था हो जसको हामी कल्पना गर्दछौँ तर त्यस्तो वास्तविकतामा हुनु सम्भव छैन (*अक्सफोर्ड लर्नर्स डिक्सनरी,* मिति नभएको) । त्यसलाई कल्पनाद्वारा उत्पन्न कुरा भनिएको पाइन्छ (*द ब्रिटानिका डिक्सनरी,* मिति नभएको) । *क्याम्ब्रिज डिक्सनेरी*मा त्यसलाई कल्पित अवस्था भनिएको छ । त्यसका अनुसार स्वैरकल्पना भनेको आनन्द प्राप्त हुने सुखद अवस्थता हो जुन वास्तविक जीवनमा सम्भव हुँदैन (*क्याम्ब्रिज डिक्सनेरी,* मिति नभएको) । समग्रमा स्वैरकल्पना भन्नाले सुखद कल्पना भन्ने बुझिन्छ ।

मिथक, अनुश्रुति, लोकगाथा, लोककथा जस्ता लोकसाहित्यमा कल्पनाको प्राचुर्य पाइन्छ । सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा पनि कल्पनाले यथेष्ट स्थान प्राप्त गरेको छ । त्यसमा जीवनजगत्को सृष्टि, प्रकृतिको गति, आत्मा र ईश्वरको स्वरूप जस्ता कुराको कल्पना पाइन्छ । पौराणिक कथा कल्पनामा आधारित छन् । पाश्चात्य चिन्तनमा पनि कल्पनालाई प्राचीन कालदेखि नै महत्त्व दिइएको पाइन्छ । आधुनिक साहित्यमा अयथार्थका माध्यमद्वारा यथार्थको प्रस्तुतिमा कल्पनाको प्रयोग गरिन्छ । कलासाहित्यको सिर्जना कल्पनाद्वारा नै हुन्छ, तर स्वैरकल्पना सामान्य कल्पना नभएर त्यो कल्पना तरङ्ग वा कल्पनाजालका रूपमा हुन्छ । त्यसलाई अतिकल्पना, अधिकल्पना, दिवास्वप्न पनि भन्न सकिन्छ ।

स्वैरकल्पनाको सम्बन्ध मनोविज्ञानसँग हुन्छ। मनोविज्ञान मनको अध्ययन गर्ने विज्ञान वा शास्त्र हो। मनोविज्ञानका अनेक पद्धतिमध्ये सिग्मन्ड फ्रायडद्वारा स्थापित मनोविश्लेषणात्मक सर्वाधिक चर्चित रहेको छ। फ्रायडले दिवास्वप्न, कल्पना तरङ्ग वा स्वैरकल्पनाको पनि विवेचना गरेका छन् । कुनै एकदम स्पष्ट कल्पना जाललाई दिवास्वप्न भनिन्छ । यो दिवास्वप्न साँच्चीकै इच्छाहरूको पूर्ति हो (फ्रायड, सन् १९९६, पृ. ११९) । फ्रायडले साहित्य लेखनलाई स्वैरकल्पनाका रूपमा उल्लेख गरेका छन्। फ्रायडको प्रस्तुत सिद्धान्त अचेतनको अवधारणामा आधारित छ। कल्पनातरङ्गका प्रेरणाहरू अतृप्त इच्छाहरू नै हुन् । फ्रायडले साहित्यलाई स्वैरकल्पना वा दिवास्वप्न जस्तै मानेका छन् । साहित्यकारले आफ्नो बाल्यकालमा दमित भएका इच्छाहरूलाई स्वतन्त्र साहचर्यमा जस्तै मनका भावहरू व्यक्त गर्दछ। साहित्य कल्पनामा आधारित हुन्छ र कल्पना अतृप्तिका कारणले उत्पन्न हुन्छ। स्वैरकल्पना वा अतिकल्पना अचेतनमा दमित इच्छाहरूको सन्तुष्टिको माध्यम हो (फ्रायड, १९९२, पृ. ७१३) । साहित्य कल्पनामा आधारित हुने भएकाले मनोविश्लेषणात्मक समालोचनामा लेखकको कल्पनाको विश्लेषण गरिन्छ। यस आधारमा पात्र र पाठकका कल्पनाको अध्ययन पनि गर्न सकिन्छ।

फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त अचेतनको अवधारणामा आधारित छ। जे जति कुरा दमित भएका छन् ती अचेतन हुन् (फ्रायड, सन् १९८९, पृ. ५७३) । अचेतनमा दमित कुरा चेतनमा आए पनि आदिम, शैशविक र अनैतिक प्रकारका हुने भएकाले दमित हुनपुगेका पनि हुन्छन् र चेतनमा कहिल्यै आउन नपाएर दमित भइरहेका कुरा पनि हुन्छन्। सदा सुखापेक्षी हुनु अचेतनको मौलिक विशेषता हो, त्यसका अनेकौँ नैसर्गिक आवश्यकता, माग वा इच्छा हुन्छन्। अचेतनका त्यस्ता जैविक, प्राकृतिक र सहज इच्छा सन्तुष्टिका लागि चेतनामा आउन खोजे पनि आत्मरक्षा र सामाजिक मर्यादाका प्रतिकूल इच्छाहरू अचेतनमै दमित हुन पुग्दछन् । यसरी कायिक भोगेच्छासँग सम्बन्धित इदम्, बाह्य परिस्थितिको ज्ञानसँग सम्बन्धित अहम् र सामाजिक सांस्कृतिक मूल्य, मान्यता र आदर्शसँग सम्बन्धित पराहम्को समग्र संरचना नै मन हो । अहम् बाह्य संसार, यथार्थको प्रतिनिधि हो, पराहम् आन्तरिक संसारको इदम्को विपरीत प्रतिनिधि हो (फ्रायड, सन् १९८९, पृ. ६४१) । स्वाभाविक रूपमा सन्तुष्टि प्राप्त गर्न नसकेका वा चेतनमा आउनै नपाएका अचेतनमा दमित र कुण्ठित इच्छाहरूले कायिक र मानसिक रूपमा प्रभाव पारिरहेका हुन्छन्। स्वैरकल्पना, स्वप्न र शारीरिक लक्षण अचेतनका इच्छाका अभिव्यक्ति हुन्। असन्तुष्ट व्यक्तिले मात्र दिवास्वप्न देख्दछ। कल्पनातरङ्गका प्रेरणाहरू अतृप्त इच्छाहरू नै हुन्। प्रत्येक दिवास्वप्न इच्छाका परिपूर्ति नै हुन्। दिवास्वप्न देख्ने व्यक्ति स्वभावतः कि महत्त्वाकाङ्क्षी हुन्छ कि कामुक हुन्छ (फ्रायड, सन् १९८९, पृ. ३८) । सन्तुष्ट वा सुखी मान्छेले दिवास्वप्न देख्दैन। स्वप्निलता स्वैरकल्पनाको मुख्य विशेषता हो।

ज्याक-मरी-इमाइल लकाँको स्वैरकल्पनाको व्याख्या मूलतः फ्रायडीय अवधारणाको विपठन हो। फ्रायडले उल्लेख गरेअनुसारको अचेतन मूल प्रवृत्यात्मक हुन्छ, आदिम स्वरूपको हुन्छ र यो भाषाभन्दा अगाडि नै आउँछ भन्ने मान्यतालाई लकाँले स्वीकार गरेका छैनन् । उनका अनुसार अचेतन अभाव हो, अनुपस्थिति हो । व्यक्तिका आफ्ना इच्छा हुने भए पनि त्यो समाजको नीतिनियम अर्थात् अन्यको इच्छाका सामु बाधित हुन पुग्दछ र व्यक्ति अन्य व्यक्तिको इच्छाअनुसार चल्न बाध्य हुन्छ। त्यसै आधारमा उनले स्वैरकल्पनालाई अर्थ्याएका छन्। उनका अनुसार स्वैरकल्पना व्यक्तिको विकृत कल्पना हो जसमा उसले आनन्दका लागि आफूलाई अन्य ठान्दछ (लकाँ, सन् २००६, पृ. ६९९) । काल्पनिक अवस्थाको आदर्श बाबु, बन्ध्याकरणको त्रास आदि स्वैरकल्पना हुन् ।

बन्ध्याकरणको त्राससँग डरको मनोविज्ञान अर्थात् दुश्चिन्ता पनि जोडिएर आउँछ । यसलाई लकाँले काल्पनिक अवस्था, प्रतीकात्मक अवस्था र यथार्थको अवधारणाद्वारा स्पष्ट गरेका छन् । काल्पनिक अवस्थामा शिशुले आमा वा परिवारका व्यक्तिहरूलाई ऐनाका रूपमा हेर्दछ र त्यसबाट परावर्तित आफ्नो बिम्बलाई वास्तविक आफू भन्ने ठान्दछ । तर त्यो बिम्ब वास्तविक आफू नभएर भिन्न हुन्छ, अन्य हुन्छ । परावर्तित बिम्बलाई आफ्ना समग्रता ठानेर शिशु आनन्दित हुन्छ, त्यो स्वैरकल्पना हो भन्ने लकाँको ठहर छ ।

स्वैरकल्पनाका सम्बन्धमा सन् १९८० को दशकयता केही पृथक् धारणा देखापर्दछ । स्वैरकल्पना इच्छाको अभिव्यक्ति, चेतन प्रेरणाको अस्वीकार वा प्रतिक्रिया निर्माण हुन सक्छ, तर यसको काम अभावको क्षतिपूर्ति गर्नु मात्र नभएर भविष्यप्रति आशाको वातावरण सिर्जना गर्नु पनि हो । स्वैरकल्पना त्यस्तो रङ्गमञ्च हो जसमा हामी आगामी जीवनको सम्भाव्य दृश्यको पूर्वावलोकन गर्न सक्छौँ (ब्रदर्स, सन् २००८, पृ. ३५) । विज्ञानकथामा आधारित स्वैरकल्पनामा भावी दिनमा विज्ञान र प्रविधिले पहिल्याउन सक्ने नयाँ कुराको सम्भावना प्रस्तुत गरिएको हुन्छ । पछिल्लो समयमा स्वैरकल्पनालाई अनिश्चयको मनोविज्ञानका रूपमा पनि लिइएको पाइन्छ ।

**नेपाली उपन्यासमा स्वैरकल्पनाको स्वरूप**

नेपाली साहित्यमा स्वैरकल्पनाका साथ मौलिक उपन्यास लेखनको परम्परा गिरीशवल्लभ जोशीको *वीरचरित्र* (१९६०) बाट थालिन्छ । निश्चय नै त्यसपूर्वका नेपाली लोककथा एवं अनूदित-रूपान्तरित आख्यान साहित्य स्वैरकल्पनामूलक छन्, तर पात्र र परिवेश र केही हदसम्म उद्देश्यसमेत नेपाली उभिएर *वीरचरित्र* देखापर्दछ । नेपाली उपन्यासको आधुनिक कालमा यथार्थवादको वर्चस्व भएकाले त्यहाँ अतिकाल्पनिक र अयथार्थ तत्त्वले प्रवेश पाउन सक्तैन । प्रयोगवादी चरणको आगमनसँगै स्वैरकल्पनाको आह्वान हुन थाल्दछ । उत्तरआधुनिकतावादले पनि प्रयोगधर्मितालाई अपनाउने भएकाले उत्तरवर्ती नेपाली उपन्यासमा स्वैरकल्पनाको प्रयोग पाइन्छ । आधुनिक नेपाली उपन्यासमा विशेष गरी स्वप्निल जीवनजगत्, विज्ञानकथा एवम् पर्यावरणीय परिवर्तनको चिन्तामा आधारित स्वैरकल्पनाको प्रयोग पाइन्छ ।

**स्वप्निलता**

आधुनिक नेपाली उपन्यासपरम्परामा स्वैरकल्पना स्वप्निल जीवनजगत्का रूपमा प्रयोग भएको पाइन्छ । यसको प्रयोग ध्रुवचन्द्र गौतमबाट आरम्भ भएको देखिन्छ । उनका प्रायः सबै उपन्यासमा कमबेसी स्वैरकल्पनाको प्रयोग गरिएको पाइन्छ । उनको पहिलो उपन्यास *अन्त्यपछि* (२०२४) र त्यसपछिको *बालुवामाथि* (२०२८) मा स्वैरकल्पना छिपछिपे रूपमा देखापरेको छ भने *डापी* (२०३३) उपन्यासमा आधारभूमि बनेर आएको छ । त्यसमा चित्रित डापी टोल अयथार्थमा आधारित छ, तर उपन्यासमा प्रस्तुत सन्दर्भ यथार्थ किसिमको छ । यसलाई अयथार्थको यथार्थ भन्न सकिन्छ । उनको *अलिखित* (२०४०) उपन्यासमा बिरहिनपुर बरेवा नामको कल्पित गाउँलाई स्थानगत परिवेशका रूपमा उभ्याइएको छ । शोषण, गरिबी, अशिक्षा, सन्त्रास, बेलाबेलामा आउने महामारी रोग आदिले ग्रस्त तराईको गाउँ बिरहिनपुर बरेवा नेपालको नक्सामा अलिखित छ । वास्तविक रूपमा त्यो गाउँ कहीँ पनि छैन, किंवदन्ती भइसकेको छ । उपन्यासको अन्त्यमा दोरहन्तल पोखरी बढ्दै गएर बिरहनपुर बरेवा गाउँलाई डुबाएको छ र त्यसले पात्रलाई पनि लखेट्दै गरेको अनि त्यसले शस्त्रास्त्रले सुसज्जित मानिसहरूको आकृति धारण गरेको कुरा उल्लेख

गरिएको छ। उनको *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८) उपन्यासमा तेस्रो अन्त्य स्वैरकाल्पनिक छ। रवि र लक्ष्मीको मृत्यु भएर चितामा राखिसकेपछि पनि रविले आँखा खोलेर खेल कस्तो लागेको भनेर प्रश्न गर्नु र लक्ष्मी सुनेर पनि बोल्न नसक्नु काल्पनिक प्रकारको छ। उनको *अग्निदत्त + अग्निदत्त* (२०५३) मा काल्पनिक तुरुप राज्यको स्थापना गरिएको छ। त्यस उपन्यासभित्र अनेकौँ स्वैरकाल्पनिक सन्दर्भहरू छन्।

सरूभक्तको *पागल-बस्ती* (२०४८) मा काल्पनिक बस्तीको निर्माण गरिएको छ। त्यहाँ बस्नेहरूलाई अन्यत्रकाले पागल भन्छन् तर ती आत्मानुशासित, बौद्धिक र शिल्पी छन्। प्रशान्त त्यस बस्तीको निर्माता हो र उसलाई त्यहाँ बस्नेहरूले आदिगुरु भनेर सम्बोधन गर्छन्। अहम्‌वाद उनीहरूको जीवनदर्शन हो। प्रशान्तले आफ्नी पूर्वप्रेमिका मार्थालाई त्यस बस्तीका बारेमा भनेको छ– "यो शोषित, पीडित, प्रताडित, अपमानित र उपेक्षितहरूको बस्ती हो" (सरूभक्त, २०४८, पृ. ७४)। सरूभक्तको *समय त्रासदी* (२०५८) उपन्यासमा मुख्य घटना र परिस्थिति स्वैरकाल्पनिक छ। पतिपीडिता मायाले पतिको र पत्नीपीडित सागरले पत्नीको हत्या गरेर आफ्ना छोराछोरी साथमा लिएर अनिश्चित दिशातर्फ भाग्दै जाँदा मानवरहित भूमिबाट नयाँ भूमिमा पुग्छन्। त्यस ठाउँलाई मुक्त घृणास्थल वा घृणाको स्वतन्त्रभूमि भनिएको छ। त्यहाँ होटलमा खाना खाने क्रममा मासुको माग गर्दा जवाफमा भनिएको छ :

> अहँ, मलाई अत्यन्त खेद छ, यहाँ त्यस्ता कुनै पशुको मासु पाइँदैनन्। यो ठाउँमा पशुपक्षीका मासु खान पूर्ण बन्देज लाइएको छ। यहाँ कसैलाई पनि पशुपक्षीहरू मार्ने अधिकार छैन। ... संवैधानिक रूपले यो नरभक्षीहरूको भूमि हो, अथवा मान्छेको मासु खानेहरूको ठाउँ। यहाँ तपाईंहरू मान्छेका मासु र रगत पाउन सक्नुहुन्छ, यदि खान चाहनुहुन्छ भने। (सरूभक्त, २०५८, पृ. ८८)

स्वैरकल्पनाको प्रयोगका दृष्टिले मनुजबाबु मिश्रको *स्वप्न सम्मेलन* (२०५६) उल्लेखनीय छ। उपन्यासको हर्मिताजमा किरात राजा यलम्बर, अरनिको, सेक्सपियर, महाकवि लक्ष्मीप्रसाद देवकोटा, अरस्तु, फिडियस आदि व्यक्तिहरूको भेला भइरहन्छ। उनीहरू साहित्य, कला, संस्कृति, सौन्दर्य, दर्शनका बारेमा बहस गर्छन्। यसरी हर्मिताजलाई महान् व्यक्तिहरूको मिलनकेन्द्र बनाएर साहित्य, सङ्गीत, कला, दर्शनको विकास गर्न चाहेको कुरा स्वैरकल्पनाद्वारा प्रस्तुत गरिएको छ।

तेराखको *सर्वजा* (२०६०) स्वैरकल्पनामा आधारित उपन्यास हो। यस उपन्यासमा मूल रूपमा सर्वजा र अनेक रूपमा अरू नारीहरू देखापर्दछन्। अनेक पुष्प, वनस्पति र प्रकृतिजगत्‌का उपजहरू यस उपन्यासमा पात्रवत् रूपमा आएका छन्। 'म' मात्र तिनीहरूमा रूपान्तरित हुन्छ र तिनीहरू 'म' पात्रमा रूपान्तरित हुन्छन्। 'म' पात्रकी श्रीमती सुत्केरी हुँदा घरमा सघाउन आएकी सर्वजाप्रति 'म' पात्रको रतिरागजन्य आकर्षण उत्पन्न हुन्छ र त्यसलाई आदर्शको भावले छोप्न खोज्दा ऊ अनेक भावना र कल्पनामा डुब्न थाल्दछ। उसले चराचर जगत्‌मा सर्वजा व्याप्त भएको देख्दछ। उसमा एउटा अलौकिक शक्तिको प्रवेश हुन जान्छ र ऊ विचित्रको मनोलोकमा विचरण गर्न थाल्दछ। ऊ स्वदेशको यात्रादेखि विश्वका अनेक ठाउँमा यात्रा गर्दछ, उसको अनेक ठाउँमा, अनेक जातिमा, अनेक रूपमा जन्म हुन्छ। त्यसको एउटा उदाहरण :

> सर्वजा शक्तिको बलले सर्वजामय म ग्रेटब्रिटेनको डब्लिनको आकाशमा वायुरूपले घुम्न थालेँ। म पृथ्वीको नजिक नजिक हुँदै जर्ज केयर र लुसिन्डा एलिजाबेथ गर्लीको संयुक्त प्रयासले उनीहरूको सन्तानका रूपमा ई. सं. १८५६ मा जर्ज बर्नार्ड शाका रूपमा अवतरित हुन पुगेँ (तेराख, २०६०, पृ. ११७)।

प्रस्तुत उपन्यासमा यौन भावनाको उदात्तीकरणका रूपमा स्वैरकल्पनाको प्रयोग गरिएको छ। त्यसमा नारीको सौन्दर्य, उनीहरूको शक्ति र महत्ता प्रस्तुत गर्ने मुख्य लक्ष्य रहेको देखिन्छ। इतिहास, मनोविज्ञान, धर्मशास्त्र, जीवविज्ञान, दर्शन आदिको ज्ञानले कामजन्य एषणा तिरोहित भएको छ।

सञ्जीव उप्रेतीको *घनचक्कर* (सन् २००७) मनोविदलतापरक स्वैरकल्पनामा आधारित छ। मनोविदलता एक प्रकारको मनोविक्षिप्तताको मानसिक रोग हो। यसलाई अङ्ग्रेजीको ब्रिटिश उच्चारणमा 'सिजोफ्रेनिया' र अमेरिकी उच्चारणमा 'स्किजोफ्रेनिया' भनिन्छ। वास्तविकताबाट पलायन, आत्मकेन्द्री स्वभाव, विभ्रम, व्यामोह, विचारप्रक्रियामा विकृति जस्ता लक्षण यस रोगमा देखापर्दछन्। यस उपन्यासमा 'म' पात्रले आफू र अन्यलाई हेर्ने र पहिचान गर्ने ढङ्ग, उसको अनुभूति र धारणा असामान्य प्रकारको छ। विश्वविद्यालयको नेपाली सांस्कृतिक अध्ययन विभागमा अध्यापन गर्ने प्राध्यापक 'म' पात्र मानसिक रूपमा अस्वस्थ रहेको छ। प्राध्यापन, बोराका बोरा उत्तरपुस्तिका परीक्षण, सेमिनार सञ्चालन, विभागीय बैठक, शोधपत्र प्रतिरक्षा कार्यक्रम, पत्रिकामा स्तम्भ लेखन जस्ता कार्यको अतिशय बोझले उसमा मानसिक समस्या उत्पन्न भएको देखिन्छ। उसका क्रियाकलाप र परिदर्शन अनौठा, स्वप्निल र स्वैरकल्पनात्मक किसिमका छन्। उसले घण्टाघरकै छेउ दरबारमार्गको बिचमा आकाशसम्म अग्लिएको अद्भुत टावर ढलेको, विरोधजुलुससँग ऊ पनि दरबारको गेटभित्र पसेको, दरबार हत्याकाण्ड देखेको, त्यहाँबाट भागेको उल्लेख गरेको छ। उसको काल्पनिक परिदर्शन अझ विचित्रको छ :

> मैले देख्दादेख्दै अब ती बुढा दुब्ला नेता वसन्तपुरकै दिशाबाट उर्लंदै आइरहेको पानीको ठुलो पर्खालतिर दुई हात फिँजाएर दौडँदै छन्। हेर्दाहेर्दै पानीको लहरले उचालेर पुनः थचारेका नेता लामा मसिना पानीसर्पमा रूपान्तरण भएका छन्। तीव्र इच्छा र जीवनशक्तिले टिलपिलाइरहेका साना आँखा भएको पानी-सर्पमा। नारायणहिटी राजदरबारको गेटअगाडि पद्मासन कसेको गेरुवा वस्त्रधारी, ठुला डरलाग्दा आँखा भएको त्यो जोगी अति विशाल हाँसमा परिवर्तन भएको छ। उर्लंदो भेलको चिन्ता नगरी ऊ नाकका देब्रे र दाहिने प्वालबाट चल्ने श्वासप्रश्वासको ध्यान गरेर बसेको थियो। ... हेर-हेर, कसरी पानीका लहरहरू बस टर्मिनल, ब्याङ्क तथा सेयर बजार, विद्यालय तथा अस्पतालहरूलाई डुबाउँदै उपत्यकाको उत्तरी भागतिर लम्किरहेका छन्। हेर, कसरी त्यो उन्मत्त भेल अब म रहेको पागलखानासम्म आइसकेको छ। (उप्रेती, सन् २००७, पृ. २०३)

प्रस्तुत उपन्यासमा पात्रको स्वैरकाल्पनिक परिदर्शन अयथार्थ किसिमको भए पनि निरर्थक भने छैन। झट्ट हेर्दा ती मानसिक रोगीको दृष्टिभ्रम जस्ता लाग्छन्। तर तिनले प्रतीकात्मक अर्थबोध गराउँछन्।

कुमार नगरकोटीको *मिस्टिका* (२०७२) उपन्यासमा अयथार्थ र अयथार्थ अर्थात् वास्तविकता र स्वैरकल्पना मिश्रित रूपमा आएका छन्। ठाउँ ठाउँमा रहस्य, विलक्षणता र काल्पनिकता व्याप्त देखापर्दछ। उपन्यासमा 'कुण्डलिनी कुहिरो,' 'ब्ल्याक फ्यान्टासी,' 'गर्भ-गृह, अग्निसमाधि र डेड एन्ड' जस्ता परिच्छेदगत शीर्षक छन्। उपन्यासको टुङ्ग्याउनी खण्ड पुरै स्वैरकाल्पनिक छ।

रोशन थापा 'नीरव' को *प्रत्येक श्रवणकुमार अर्थात् युद्ध* (२०६४) उपन्यासमा आत्मप्रक्षेपण र त्यसको परावर्तित

बिम्बको प्रस्तुति छ । यस उपन्यासमा पात्र उपन्यासकार आकाशको प्रतिबिम्बित अहम्‌का रूपमा उसको पात्र श्रवणकुमारलाई हेरिएको छ । ती दुवै प्रकारका पात्रमा वास्तविक उपन्यासकारको स्व प्रतिबिम्बित भएको छ ।

**वैज्ञानिक आविष्कारको परिकल्पना**

विज्ञानकथा स्वैरकल्पनामा आधारित हुन्छ । यो विज्ञान र प्रविधिको विकासको उपज हो । यसमा वैज्ञानिक प्रयोगद्वारा नयाँनयाँ प्रयोगको परिकल्पना गरिएको हुन्छ । यससँग वैज्ञानिक प्रयोग, साइबरस्पेस, टेक्नोकल्चर, भर्चुअल कम्युनिटिज, भर्चुअल रियालिटिज, भर्चुअल आइडेन्टिटिज, भर्चुअल स्पेस, साइबोर्ग, साइबरनेटिक्स, साइबरबडिज आदि धेरै कुराहरू जोडिन्छन् । साइबरनेटिक्सलाई मनोविश्लेषणसँग जोडेर हेर्ने परम्पराको आरम्भ गर्ने श्रेय लरेन्स कुबीलाई जान्छ । उनले मनोवैज्ञानिक अवधारणाका आधारमा मानव र रोबोटलाई समरूपमा उभ्याउने यान्त्रिक नमुना प्रस्तुत गरेका हुन् । त्यसका लागि उनले मनोवैज्ञानिक प्रक्रियाको प्रतिबिम्बनलाई प्रमुख सैद्धान्तिक आधार बनाएका छन् (हेल्स, सन् १९९९, पृ. ७०) । सर्जकको इच्छा, भाव र विचार उसका सिर्जनामा प्रतिबिम्बित भएको हुन्छ । यो कुरा साइबरनेटिक्समा पनि लागु हुन्छ । हामी इन्टरनेटमा देखेका कुरालाई साँचो मानेर हेर्छौं । काल्पनिक तहमा सत्य लागेको प्रतिबिम्बित कुरा प्रतीकात्मक तहमा सत्य हुँदैन, किनभने प्रतिबिम्बले वास्तविक अर्थ बुझाउन सक्तैन । लकाँको प्रतीकात्मक अवस्थाको सङ्केतक र सङ्केतित स्वरूप साइबरनेटिक्समा लागू हुन्छ । किटलरका अनुसार प्रतीकात्मक अवस्थाको संसार मेसिनको संसार नै हो (लिउ, सन् २०१०, पृ. २ ९६) । साइबरनेटिक्समा प्रस्तुत बिम्ब अवास्तविक यथार्थ हो, सङ्केत मात्र हो । हरेक सिर्जनात्मक कार्य काल्पनिक हुन्छ । विज्ञानकथा साइबरीय कल्पनामा आधारित हुन्छ । विज्ञानकथा अन्य आख्यान जस्तै भए पनि यो यथार्थवादी स्वरूपको हुँदैन । यसले भविष्यमा विज्ञान र प्रविधिले गर्न सक्ने सम्भावित कुरा वा विगतमा जे हुन सक्थ्यो भन्ने कुराको काल्पनिक वर्णन गर्दछ तर ती यथार्थका विपरीत हुन्छन् (वार्निक, सन् १९९०, पृ. ४) । त्यसै आधारमा समकालीन उपन्यासलाई हेर्न सकिन्छ ।

नेपाली उपन्यासपरम्परामा सरूभक्तको *एक अभिनवको आत्मकथा* (२०४४) देखापर्दछ । यो वैज्ञानिक स्वैरकल्पनामा आधारित छ । यसमा संवेदनशील र कम संवेदनशील यन्त्रमानवहरू पात्रका रूपमा रहेका छन् । उमेश उपाध्यायको *कालान्तरमा फेरि* (२०५८) विज्ञानकथामा आधारित छ । यसमा विज्ञान र प्रविधिको चरम विकासको अवस्थाको परिकल्पना गरिएको छ । यसमा सन् १९९४ सालको अप्रिल महिनामा हिउँले पुरिएर मरेको मान्छेको लासलाई सन् २३०५ मा पुनर्जीवित गराउन वैज्ञानिकहरू सफल भएका छन् । भाषा अनुवादक यन्त्रको विकास, हाँसो, रिस, घृणा, प्रतिशोधको भावनाविहीन तर मित्रता, सेवा र सहयोगको भावना मात्र भएका मान्छेसँग वार्तालाप गर्ने रोबोटको निर्माण, खानाका रूपमा विशेष जुसको आविष्कार, एकैछिनमा विश्वब्रह्माण्ड चहार्न सकिने यानको विकास, जुनसुकै ठाउँको सुनसुकै कालखण्डको कुरा थाहा पाउन सकिने मस्तिष्कयात्राको आविष्कार जस्ता कुराको परिकल्पना यस उपन्यासमा गरिएको छ । विज्ञान र प्रविधिले गर्न सक्ने कल्पनाको एउटा स्वरूप यस्तो छ :

> यो मानवशरीरलाई स्वाभाविक रूपले बढ्न दिनुको सट्टा असाधारण वृद्धि दिएर छोटो अवधिमा मानसिक र शारीरिक रूपले ठुलो पारिदिने प्रयोगशाला हो । विश्वमा यस्ता 'सुपर नर्मल ग्रोथ सेन्टर' हरू छ ओटा छन् । त्यहाँ वैज्ञानिक विधिद्वारा छ महिने शिशुलाई तीन-चार महिनाको अवधिभित्रै दश-बाह्र वर्षको बालक बनाउन सकिन्छ । (उपाध्याय, २०५८, पृ. ३९–४०)

टंक चौलागाईंको *जिरो कटेज* (२०६८) साइबर संस्कृतिको उदाहरणीय उपन्यास हो । यसमा विज्ञान र प्रविधिको चरम विकास भएको देखाइएको छ। सबै कुरा कम्प्युटर र इन्टरनेटका माध्यमबाट सम्भव भएका छन् । यसमा मान्छे र यन्त्रमानव छुट्याउन नसकिने अवस्था भएको छ। मरिसकेका मान्छेलाई पनि पुनर्जीवित गरी काममा लगाइएको छ भने जिउँदा मान्छे कम्प्युटर जस्ता लाग्छन् र ती कम्प्युटर प्रणालीबाट सञ्चालित हुन्छन् । पात्रका नामकरण पनि कम्प्युटर उपकरणका आधारमा राखिएको छ। त्यसैगरी भाइरस पनि मान्छेका रूपमा देखापर्दछन् । संसारका हरेक कुरा कम्प्युटरको विद्युतीय पर्दामा हेर्न सकिन्छ, मात्र तिनलाई छुन सकिँदैन । कम्प्युटर प्रणालीको मुख्य शत्रु भनेको भाइरस हो । अन्ततः जिरो कटेजलाई भाइरसले ध्वस्त बनाइदिएको छ। साइबरीय कल्पनाको एउटा उदाहरण यस्तो छ :

> त्यही आतङ्कवादी सङ्गठनले मलाई तिमीहरूको साथी बनाएर यहाँ पठाएको हो । डम्मरेको आत्मा हाम्रो कब्जामा छ। शरीर, डिक्स डिन भएर बसेको छ। म यहाँ डिक्स डिन भएर बस्दा कसैले पत्ता लगाउन सकेन। तिमीहरूको जिरो कटेजले पनि पत्ता लगाउन सकेन । ... अबको केही समयपछि जिरो कटेज ध्वस्त हुन्छ। (चौलागाईं , २०६८, पृ. १६७)

**जलवायु परिवर्तनको दुश्चिन्ता**

नेपाली आधुनिक उपन्यासमा जलवायु चिन्ताको प्रस्तुति स्वैरकल्पनाका रूपमा गरिएको पाइन्छ । अहिले विश्वजगत्मा जलवायु परिवर्तन चिन्ताको विषय बनेको छ। भूमण्डलीय तापक्रम बढ्दै गएकाले हिमाल पग्लिँदै गएर कालो चट्टानमा परिणत हुने र समुद्रको सतह बढ्दै गएर कैयौँ सहरहरू डुब्ने खतरा बढ्दै छ, अनावृष्टि र अतिवृष्टि जस्ता परिस्थितिको सिर्जना भएको छ। यसले सबैलाई चिन्तित तुल्याएको छ र पर्यावरण रक्षाका आवाज उठ्दै आएका छन् । पर्यावरणीय सिद्धान्त सन् १९७० को दशकपछि मात्रै देखापरेको हो । यसले दर्शन, समाजशास्त्र, विज्ञान, नारीवाद, मार्क्सवाद र मनोविज्ञान आदि उपागमहरूबाट प्रभाव ग्रहण गरेको छ । मनोविश्लेषणात्मक आधारमा यस विषयमा संवेग, दुश्चिन्ता, मनोरचना आदिको अध्ययन गरिन्छ। सन् १९६० मा ह्यारोल्ड सर्ल्सले मानवेतर पर्यावरणको मनोवैज्ञानिक महत्त्वमाथि कुरा उठाएका हुन् तर त्यसबारे ध्यान दिइएन। रेनी लर्जम्यानले सन् २००८ मा सर्वप्रथम मनोविश्लेषणात्मक आधारमा पर्यावरण-चिन्ताको मान्यता प्रस्तुत गरेका हुन् । तर त्यसभन्दा अघि फ्रायडको अवधारणामा पनि यसको चर्चा पाइन्छ। उनले भनेका छन्– सभ्यताले धेरै कुरा राम्रो गरेको छ र भविष्यमा अझ राम्रो गर्दै जाने छ र यसले प्रकृतिमाथि विजय हासिल गर्नेछ भन्ने आशा गर्दछन् । त्यहाँ त्यस्ता तत्त्वहरू छन् जसले सारा मानवनियन्त्रणमाथि ठट्टा गरेको प्रतीत हुन्छ; भूकम्प आउँछ र मानवजीवन र तिनका कार्यलाई तहसनहस तुल्याइदिन्छ, पानीले उथलपुथल ल्याउँछ र डुबाइदिन्छ, आँधी आउँछ र सबै कुरा उडाइदिन्छ। त्यहाँ अनेकौँ रोग छन् र मृत्युको पीडादायी रहस्य छ। त्यस्ता शक्तिले हाम्रो विरुद्ध प्रतापी, क्रूर र कठोर प्रकृतिको उदय गराउँछ। त्यसले हाम्रो मनमा फेरि हाम्रो कमजोरी र लाचारी ल्याउँछ जुन हामीले सभ्यताको कामद्वारा बच्ने सोचेका थियौँ (फ्रायड, सन् १९६१, पृ. १५–१६) । त्यही नै प्रकृतिसम्बन्धी दुश्चिन्ता हो । यसप्रकारको चिन्ता स्वैरकाल्पनिक ढङ्गमा पनि प्रस्तुत गरिएको पाइन्छ । जलवायु परिवर्तनले मानव जातिको अन्त्य हुने सन्त्रास उत्पन्न भएको छ। हामी 'हामीबिनाको जगत्' को कल्पनाले त्रस्त र रोमाञ्चित छौँ । फ्रायड के भन्छन् भने हामी आफ्नो मृत्युको वास्तविक कल्पना गर्न सक्तैनौँ, आफ्नै अन्त्येष्टिको दर्शक भएको कल्पना गरिहाल्यौँ भने पनि

त्यहाँ हाम्रो उपस्थिति हुन्छ । त्यसैगरी जगत्को अन्त्य वा मानवजातिको अन्त्य भएको परिदृश्यको कल्पनामा पनि अस्थानिक सपनाको निर्माणका लागि हामी बाँचिरहेका हुन्छौँ । त्यसैगरी जिजेकले हामी मानव अशरीर रूपमा सीमित भएर आफ्नै अनुस्थिति नियालिरहन्छौँ भन्दै लकाँले त्यसलाई स्वैरकल्पनाको आधारभूत आत्मगत अवस्था भनेको उल्लेख गरेका छन् (डोड्स, सन् २०११, पृ. ६) । नेपाली उपन्यासमा जलवायु परिवर्तनको दुष्प्रभावलाई स्वैरकाल्पनिक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ ।

ध्रुवचन्द्र गौतमको *सातौँ ऋतु* (२०६८) जलवायु परिवर्तन र त्यसले पारेको प्रभावलाई आधार बनाएर लेखिएको उपन्यास हो । स्वभावतः एक वर्षमा छ ओटा मात्र ऋतु हुन्छन् र ती चक्रवत् रूपमा घुमिरहन्छन् । अहिले जलवायु परिवर्तनका कारण जुन समयमा जस्तो प्रकारको मौसम देखिनु पर्ने हो त्यस्तो नभएर एउटा ऋतुमा अर्को ऋतुको लक्षण देखा पर्न थालेको छ । त्यसलाई उपन्यासमा सातौँ ऋतु भनिएको छ । त्यसको प्रभाव यस्तो छ ः

> १. हेमन्त ऋतु छ । जाडो छ । एक्कासि सातौँ ऋतु आफूलाई प्रमाणित गर्न धर्तीलाई उग्र रूपमा तप्त तुल्याइदिन्थ्यो । एसीवालाहरू एसी खोल्न बाध्य हुन्थे ।
> २. शीतकालमा हिउँ नहुने । हिमालसमेत चट्टान मात्र भएको एक सामान्य पहाडजस्तो देखिन थाल्दथ्यो ।
> ३. ग्रीष्म ऋतुमा मान्छे कठाङग्रिएर ठहरै भएको घटना पनि घटित भएका थिए । (गौतम, २०६८, पृ. १५)

उपर्युक्त कथनमा जलवायु परिवर्तनको समस्यालाई दुश्चिन्ताका रूपमा प्रस्तुत गरिएको छ । यो भौतिक यथार्थमा आधारित छैन । यसलाई स्वैरकल्पनाका रूपमा प्रस्तुत गरिएको छ । यस्तै प्रकारको प्रवृत्ति टंक चौलागाईंको *जिरो कटेज* (२०६८) मा पनि पाइन्छ । यसमा पृथ्वीको तापक्रम बढ्न नदिन र पर्यावरणीय संरक्षण गर्ने उद्देश्यले जिरो कटेजको स्थापना गरिएको छ । यो वातावरणमैत्री प्रविधि प्रयोगशाला हो र यो पृथ्वीको रक्षार्थ स्थापना गरिएको एन्टिभाइरस विश्वविद्यालय हो । भूमण्डलीय उष्णताले सबैभन्दा बढी खतरा नेपाललाई थियो । त्यसकारण सबै देश मिलेर जिरो कटेजको स्थापना नेपालमा गरिएको हो । प्रकृति विनाश हुँदै गएकोले जनचेतना जगाउन, वायुमण्डलका विनाशकारी तत्त्वहरूसँग लड्न, प्रदूषण कम गरेर पृथ्वीको तापक्रम घटाउन यसको स्थापना गरिएको हो । तर त्यसलाई भाइरस निर्माताले ध्वस्त बनाइदिन्छ । डिक्स डिन अर्थात् भाइरसले भन्छ ः

> मैले पहिला पनि भन्या थेँ । सबैले फाइदा हुने काम मात्रै गर्दैनन् । ... हामीलाई तातो मनपर्छ । प्रदूषण मन पर्छ । यो जिरो कटेजले हाम्रो बासस्थान सखाप पार्दै थियो । डिक्स स्यान्ट्रोलाई फसाउन त्यो ओडारमा काल्पनिक मान्छेको सिर्जना गरेको हो । ती सबै भाइरस हुन् । ... हाम्रो योजना सफल भयो । संसार सखाप भइसक्यो । (चौलागाईं, २०६८, पृ. १६७)

उपर्युक्त कथन यथार्थ नभएर दुश्चिन्ता हो, मनको डर हो । जसरी भाइरसले कम्प्युटर प्रणालीलाई ध्वस्त पार्दछ त्यसैगरी मानवीय क्रियाकलापले वातावरणीय प्रदूषणको स्थिति ल्याएको छ । मान्छेले जति विज्ञान र प्रविधिको विकास गर्दै गएको छ त्यति नै मात्रामा वातावरण प्रदूषित हुँदै गएको छ । वातावरणीय प्रदूषण उत्पन्न गर्ने त्यत्तिकै सक्रिय छन् भने त्यसलाई रोक्नका लागि विश्वस्तरमा कार्यक्रम पनि बढाइँदै छ । त्यो कुरा *जिरो कटेज* उपन्यासमा देखाइएको छ ।

शशिराम कार्कीको *मनको उडान* (२०७८) पनि साइबरीय कल्पनामा आधारित छ । यसमा अन्तरिक्ष कथा प्रस्तुत गरिएको छ । यो विज्ञानमा आधारित स्वैरकल्पनात्मक उपन्यास हो ।

**निष्कर्ष**

स्वैरकल्पनाको प्रयोग आधुनिक नेपाली उपन्यासको प्रमुख प्रवृत्तिमध्ये एक हो । स्वैरकल्पना मूलतः मनोविज्ञानसँग सम्बन्धित छ । यो आनन्द प्राप्तिको काल्पनिक अवस्था हो । यो एक प्रकारको कल्पना तरङ्ग हो, यसलाई दिवास्वप्न पनि भनिन्छ । यसलाई मनोविश्लेषणमा इच्छापूर्तिको माध्यम मानिएको छ । त्यसैगरी दुश्चिन्ता र आगामी दिनको सम्भावना पनि स्वैरकल्पनासँग सम्बद्ध भएर आएको देखिन्छ । साहित्यमा स्वैरकल्पनाको अध्ययन लेखक, पाठ र पाठकको मनोवैज्ञानिक विश्लेषणका लागि गरिन्छ । यो मनको अचेतन अवस्थासँग सम्बन्धित हुन्छ । अचेतनमा अतृप्त इच्छा मात्र नभएर त्रास र चिन्ता पनि हुन्छन् । ती आत्मरक्षाका भावनाले प्रेरित हुन्छन् । लोकसाहित्यका मिथक, अनुश्रुति, लोकगाथा, लोककथा आदि स्वैरकल्पनाप्रधान हुन्छन् । नेपाली साहित्यको पूर्वआधुनिक उपन्यासमा स्वैरकल्पनाको आधिक्य पाइन्छ । आधुनिक उपन्यासमा स्वैरकल्पनाको प्रयोग अयथार्थका माध्यमद्वारा यथार्थको प्रस्तुत गर्ने शिल्पका रूपमा गरिएको देखिन्छ । आधुनिक नेपाली उपन्यासमा स्वैरकल्पनाको पूर्ववर्ती प्रयोगको प्रवृत्ति स्वप्निल प्रकारको छ । यसमा अवास्तविक घटना, पात्र र परिवेशको प्रस्तुति पाइन्छ । जीवनजगत्को विकृति र विसङ्गतिलाई अप्रत्यक्ष ढङ्गमा प्रस्तुत गर्नका लागि तिनमा स्वैरकल्पनाको प्रयोग गरिएको छ । समकालीन नेपाली उपन्यासमा वैज्ञानिक आविष्कारको सम्भावनालाई विषयवस्तु बनाएर लेखिएका औपन्यासिक कृति पनि देखापर्दछन् । तिनमा विज्ञान र प्रविधिले गर्न सक्ने उच्चतम सफलताको सम्भावना देखाइएको छ । त्यो स्वैरकल्पनामा आधारित छ । वर्तमान विश्वजगत् पर्यावरणीय परिवर्तनको दुष्प्रभाव तथा त्यसप्रतिको दुश्चिन्ताले आक्रान्त छ । त्यसलाई पनि स्वैरकल्पनाका आधारमा प्रस्तुत गरिएको पाइन्छ । यसप्रकार स्वैरकल्पनाको प्रयोगले उपन्यासलाई रोचक बनाउनुका साथै नौलो प्रयोगको दिशा देखाउन पनि मद्दत गरेको छ । यसले उपन्यासको शिल्प पक्षलाई मात्र नभएर विचार पक्षलाई पनि वहन गरेको पाइन्छ । यसलाई आधुनिक नेपाली उपन्यासको प्राप्ति मान्न सकिन्छ ।

**सन्दर्भसामग्रीसूची**

उपाध्याय, उमेश (२०५८). *कालान्तरमा फेरि.* ललितपुर : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव (सन् २००७). *घनचक्कर.* काठमाडौँ : पब्लिकेसन नेपालय ।

गौतम, ध्रुवचन्द्र (२०६८). *सातौँ ऋतु.* ललितपुर : साझा प्रकाशन ।

चौलागाईं, टंक (२०६८). जिरो कटेज. कखरा किताब ।

तेराख (२०६०). *सर्वजा.* झापा : तेजराज खतिवडा ।

फ्रायड, सिग्मन्ड (सन् १९९६). *फ्रायड : मनोविश्लेषण* (देवेन्द्रकुमार, अनु.). दिल्ली : राजपाल एन्ड सन्ज ।

सरूभक्त (२०४८). *पागल-बस्ती.* ललितपुर : साझा प्रकाशन ।

सरूभक्त (२०५८). *समय त्रासदी.* काठमाडौँ : विजय गजानन्द वैद्य ।

Cambridge University Press & Assessment (2023). Fantasy. Retrieved September 6, 2023, from https://dictionary.cambridge.org/dictionary/english/fantasy

Brothers, D. (2008). *Toward a psychology of uncertainty: Trauma-centered psychoanalysis.* The Analytic Press.

Dodds, J. (2011). *Psychoanalysis and ecology at the edge of chaos complexity theory, Deleuze and Guattari and psychoanalysis for a climate in crisis*. London & New York: Routledge.

Freud, S. (1961). *The future of an illusion* (J. Strachey, Trans. & Ed.). New York and London: W.W. Norton & Company.

Freud, S. (1989). *The Freud Reader* (P. Gay, Ed.). New York & London: W. W. Norton & Company.

Hayles, N. K. (1999). *How we became posthuman.* Chicago & London: The University of Chicago Press.

Lacan, J. (2006). *Écrits* (B. Fink, Trans.). New York & London: W. W. Norton & Company.

Liu, L. H. (2010). The Cybernetic Unconscious: Rethinking Lacan, Poe, and French Theory. *Critical Inquiry*, 36(2), 288-320.

Oxford Learner's Dictionaries (n.d.). Fantasy. Retrieved September 6, 2023, from https://www.oxfordlearnersdictionaries.com/definition/english/fantasy

*The Britannica dictionary* (n.d.). Fantasy. Retrieved September 6, 2023, from https://www.britannica.com/dictionary/fantasy

Warnik, P. S. (1990). *The cybernetic imagination in science fiction.* Cambridge: The MIT Press.